# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### डेपुटी गभर्नर महा प्रसाद अधिकारीद्वारा FATF Plenary बैठकमा सहभागिता

डेपुटी गभर्नर महा प्रसाद अधिकारी यही माघ २६ देखि फागुन २ गतेसम्म फ्रान्सको पेरिसमा Financial Action Task Force (FATF) ले आयोजना गरेको Plannery Meeting मा भाग लिई फागुन ४ गते स्वदेश फर्कनु भयो । कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयका सचिव भेषराज शर्माको नेतृत्वमा गएको उक्त प्रतिनिधि मण्डलमा नेपाल सरकारका पदाधिकारी लगायत वित्तीय जानकारी इकाईका प्रमुख श्री मुकुन्द महत पनि सहभागी भई आजै स्वदेश फर्कनु भयो ।

उक्त प्लेनरीको अवसरमा FATF सँग सम्वद्ध अन्य कार्यदल तथा कमिटिहरुसँग सम्बन्धित अन्य बैठकहरु : Global Network Communication Group (GNCG), International Co-operation Review Group (ICRG), Policy Development Group (PDG), Risk, Trend and Methods Group (RTMG), Evaluation and Compliance Group (ECG) समेत भएका थिए ।

उपरोक्त कार्यदलहरुमध्ये ICRG को बैठक र सोको प्रतिवेदन नेपालको लागि निकै महत्वको विषय रहेको थियो । सन् २०१० देखि नेपाल, FATF को उक्त कार्यदलको निगरानीमा रहेको र समय समयमा पब्लिक स्टेटमेण्ट (कालोसूचि) मा पर्न सक्ने सम्भावना रहेको अवस्था थियो । राज्यलाई आर्थिक रुपमा नकारात्मक असर पर्ने उक्त सूचिबाट बच्न नेपालले तय गरेको कार्ययोजना अनुरुप सम्पत्ति शुद्धिकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी जोखिमबाट बच्न कानूनी तथा नियमनकारी व्यवस्थामा सुधार गरिएको र अन्तर्राष्ट्रिय समन्वयको लागि पनि पर्याप्त व्यवस्था भएको विषयमा उक्त कार्यदलले सन्तुष्टी जनाएको छ । यही प्रगतिलाई आधारमानी FATF को २०१३ अक्टोबरको प्लेनरीले नेपाललाई नियमित अनुगमनबाट वाहिर लैजाने प्रक्रिया अन्तर्गत स्थलगत भ्रमण र निरीक्षण गर्ने निर्णय गरी २०१३ डिसेम्बरमा नेपालको स्थलगत निरीक्षण सम्पन्न भएको थियो ।

उक्त बैठकमा नेपालको उक्त स्थलगत निरीक्षणको प्रतिवेदन माथि उक्त कार्यदलमा छलफल भएको थियो । प्रतिवेदनमा नेपालले आफ्नो कार्यक्रम अनुसारको सबै कार्य सम्पन्न गरेको विषयलाई सह्राना सहित प्रस्तुत गरिएको थियो । साथै, प्रतिवेदनले नेपालमा हालसालै सम्पन्न संविधान सभाको चुनाव र सो सभाले नै संसदको काम गर्ने तथा संसद बस्न समय लाग्न सक्ने व्यहोरा जनाएको थियो । त्यसैगरी जारी भएका अध्यादेशहरु संसद बसेको ६० दिनभित्र प्रतिस्थापन हुनुपर्ने अन्यथा ती अध्यादेश ६० दिनपश्चात् निष्क्रिय हुन जाने अन्तरिम संविधानको व्यवस्था समेत उक्त स्थलगत प्रतिवेदनमा उल्लेख गर्दै स्थलगत टिमले ६० दिनभित्र स्थायी कानूनको रुप लिनेमा विश्वास व्यक्त गरिएको छ ।

उक्त छलफलमा नेपालप्रति सद्भाव राख्ने धेरै मुलुकले विषम राजनैतिक अवस्थामा पनि नेपालले गरेको प्रगतिलाई सह्राना गर्दै बधाई दिएका थिए । संसद बसिरहेको अवस्थामा सो नीतिगत व्यवस्थाहरुलाई ऐनमा परिणत गरेर मात्र अनुगमनबाट वाहिर लानु उपयुक्त हुने धारणा सबैजसोले राखेका थिए । साथै, प्लेनरीमा FATF प्रेसिडेन्टले समेत सो विषयमा चासो राखी नेपालले कहिलेसम्म संसदबाट अध्यादेशहरु पारित गर्ने अपेक्षा गरिएको छ भनी APG संग प्रश्न गर्नुभएको थियो । नेपालसँग सम्बन्धित उक्त विषयमा संयुक्त राज्य अमेरिका, अष्ट्रेलिया, भारत लगायत APG ले आ-आफ्नो धारणा प्रस्तुत गरेका थिए ।

यस पटकको ICRG को छलफल र प्लेनरीको निष्कर्षले नेपाललाई अध्यादेशको रुपमा

आएका नीतिगत व्यवस्थालाई संविधानमा तोकिएको अवधिभित्र संसदीय प्रक्रियाबाट ऐनको रुप दिन तथा घोषणा भैसकेका कानूनी व्यवस्था निष्क्रिय हुन नहुने सम्बन्धमा अधिकांश सहभागीहरुले सरोकार राखेका थिए । FATF ले सार्वजनिक गरेको डकुमेण्टमा नेपाललाई पहिले कै अवस्थामा अर्थात् ग्रे लिष्टमा राख्दै नेपालको सन्दर्भमा निम्नानुसारको व्यहोरा उल्लेख गरेको छ :

"Nepal has made significant progress to improve its AML/CFT regime by adequately criminalising money laundering and terrorist financing; establishing and implementing adequate procedures to identify and freeze terrorist assets; implementing adequate procedures for the confiscation of funds related to money laundering; enacting and implementing appropriate mutual legal assistance legislation; ensuring a fully operational and effectively functioning Financial Intelligence Unit; and establishing adequate suspicious transaction reporting obligations for money laundering and terrorist financing. The FATF was able to confirm all of the technical requirements are in place and Nepal's strong commitment to implementing the reforms. However, Nepal's recently elected Parliament will need to consider the ordinances and ratify them as permanent parliamentary statues. The FATF encourages Nepal to urgently enact the ordinances as Parliamentary statutes within the statutory timeframe. Until then, FATF will continue to monitor Nepal."

उपरोक्त व्यहोराबाट अध्यादेश निष्क्रिय हुने अवस्था सृजना नभएमा नेपाल आगामी प्लेनरीमा ICRG अनुगमनबाट वाहिरीन सक्ने संभावना बलियो देखिन्छ । यस पटकको प्लेनरीका अनुसार ICRG Monitored देशहरुको अवस्था निम्नानुसार रहेको छ ।

| | | | |
|---|---|---|---|
| (१) | Counter Measure सहित कालोसूचीमा | - | २ देश |
| (२) | कालोसूचीमा | - | ९ ,, |
| (३) | डार्क ग्रे लिष्टमा | - | २ ,, |
| (४) | ग्रे लिष्टमा | - | १९ ,, |

यसपटक बंगलादेश, भियतनाम र एन्टीगो वर्बुडा गरी ३ वटा मुलुक ICRG अनुगमनबाट वाहिरिएका छन् भने एशियाका इण्डोनेशिया, पाकिस्तान र म्यानमार अझैपनि कालोसूचीबाट हटन सकेका छैनन् ।

**गभर्नरको कार्यालय**

मिति २०७० फागुन ४ गते, आइतबार